केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१६/०६९/७० मिति: २०६९/१२/२३

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६९ को इ.प्रा. निर्देशन नं. १९ को बुँदा नं. (३) को उपबुँदा (४) मा भएको व्यवस्थामा देहायको प्रतिबन्धात्मक व्यवस्था थप गरिएको छ ।

*"तर, सम्बन्धित बैंक तथा वित्तीय संस्थाले पत्याएको र एक वा सबै खातामा गरी बढीमा रु. ५ लाखसम्मको मौज्दात रहने साना बचतकर्ताको नयाँ खाता खोलीदिन यस व्यवस्थाले वाधा पुर्‍याएको मानिने छैन । सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवश्यक ठानेमा त्यस्ता साना बचतकर्तासँग अन्य थप विवरण तथा कागजात माग गर्न सक्नेछ ।"*

साथै, सो निर्देशनको अनुसूची १९.१ मा मिति २०६९।१०।२६ मा जारी परिपत्र नं. १४ बाट संशोधित अनुसूची १९.१ लाई संशोधन गरी यसै साथ संलग्न बमोजिमको संशोधित अनुसूची १९.१ जारी गरिएको छ ।

यो निर्देशन बमोजिमको ग्राहक पहिचान सम्बन्धी व्यवस्था नयाँ ग्राहकको हकमा यसै निर्देशन बमोजिम गर्नुपर्ने र यस निर्देशन बमोजिम लिनुपर्ने विवरण तथा कागजातहरु लिई सकेका पुराना ग्राहकहरुको हकमा पुनः थप विवरण माग गर्न आवश्यक नहुने व्यवस्था समेत कायम गरिएको छ ।

२. यस बैंकबाट मिति २०६९/१०/१७ मा जारी परिपत्र नं. १३ को बुँदा नं. १ बमोजिम संशोधित इ.प्रा.निर्देशन नं. १४ को बुँदा नं. ६ (यस बैंकबाट "क" वर्गका बैंकहरुले यस बैंकको स्वीकृति लिई विदेशमा सम्पर्क/प्रतिनिधि कार्यालय खोल्न सक्ने व्यवस्था) को खण्ड (ख) मा रहेको शर्तको सट्टा देहायको खण्ड (ख) कायम गरी संशोधन गरिएको छ ।

"(ख) *विगत एक वर्ष देखि नियमित रुपमा यस बैंकले तोकेको पूँजीकोष कायम गरेको ।"*

३. इ.प्रा. निर्देशन नं. ६ को बुँदा नं.१ को उपबुँदा नं. (१३) (एक भन्दा बढी व्यक्ति इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक/कार्यकारी प्रमुख हुन नपाइने) व्यवस्थामा रहेको प्रतिबन्धात्मक बाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक व्यवस्था कायम गरी संशोधन गरिएको छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*"तर लघुवित्त वित्तीय कारोवार गर्ने "घ" वर्गको वित्तीय संस्थामा संचालक नियुक्त गर्न र संगठित संस्थाले शेयर लिएको बैंक तथा वित्तीय संस्थामा आफुले लिएको शेयर अनुपातमा संचालक नियुक्त गर्न बाधा पुर्‍याएको मानिने छैन । एउटा इजाजतपत्रप्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्था ("घ" वर्ग बाहेक) मा शेयर लगानी (Cross Holding) भई संचालक नियुक्त गर्न यो व्यवस्थाले छुट दिएको मानिने छैन ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।